आज मिति २०८२ वैशाख १८ गते बिहिवारका दिन नीलकण्ठ नगर-कार्यपालिकाको बैठक नगर प्रमुख श्री भीमप्रसाद ढुंगानाज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न प्रस्तावहरुमा छलफल तथा निर्णय गरियो।

उपस्थिति

१ नगर प्रमुख श्री भीमप्रसाद ढुंगाना

२. नगर उप-प्रमुख श्री दिपक विश्वकर्मा

३. प्रमुख प्रशासकीय अधिकृत श्री पुरुषोत्तम सुवेदी (सचिव)

४. वडा अध्यक्ष श्री गणेश बहादुर गुरुङ

५. वडा अध्यक्ष श्री ध्वज बहादुर गुरुङ

६. वडा अध्यक्ष श्री राजकुमार श्रेष्ठ

७. वडा अध्यक्ष श्री हरि बहादुर श्रेष्ठ

८. वडा अध्यक्ष श्री राम बहादुर श्रेष्ठ

९. वडा अध्यक्ष श्री भुपेन्द्र कुमार श्रेष्ठ

१०. वडा अध्यक्ष श्री गौतमहरि अधिकारी

११. वडा अध्यक्ष श्री प्रकाशकुमार श्रेष्ठ

१२. वडा अध्यक्ष श्री राजन बराइली

१३. वडा अध्यक्ष श्री सरोज पाण्डे

१४. वडा अध्यक्ष श्री राम बहादुर श्रेष्ठ

१५. वडा अध्यक्ष श्री धर्मराज भण्डारी

१६. वडा अध्यक्ष श्री सोम बहादुर गुरुङ

१७. वडा अध्यक्ष श्री नमराज दुवाडी

१८. कार्यपालिका सदस्य श्री चिनामाया श्रेष्ठ

१९. कार्यपालिका सदस्य श्री रासी नेपाली

२०. कार्यपालिका सदस्य श्री छनुमाया गुरुङ

२१. कार्यपालिका सदस्य श्री शान्ता थापा

२२. कार्यपालिका सदस्य श्री विशाल रोका

२३. कार्यपालिका सदस्य श्री लक्ष्मण रम्तेल

२४. कार्यपालिका सदस्य श्री मञ्जु थापामगर

२५. कार्यवाहक वडा अध्यक्ष श्री सन्तोष थापा

२५. कार्यवाहक वडा अध्यक्ष श्री राजन अधिकारी

२६. कार्यवहाक वडा अध्यक्ष श्री सुनिल थापा मगर

अन्य आमन्त्रित उपस्थिति

१. श्री अर्जुन श्रेष्ठ - प्र.प्र.अ.

२. श्री सरोज तिवारी - [illegible]

३. श्री प्रकाश [illegible] - शिक्षा अधिकृत

४. श्री [illegible] राना - [illegible]

५. श्री [illegible] श्रेष्ठ - कृषि अधिकृत

मितिः २०८२।०१।१८ गते

**बैठकमा छलफलका विषयहरुः**

१. कृषि तर्फका कार्यक्रम अनुदान स्वीकृत सम्बन्धमा।
२. दुधको उत्पादनमा आधारित अनुदान स्वीकृत सम्बन्धमा।
३. पशुसेवा तर्फको सशर्त अनुदान वितरण स्वीकृती सम्बन्धमा।
४. फोहोर मैला व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि स्वीकृति सम्बन्धमा।
५. नगर प्रहरी स्तर वृद्धि सहित जिम्मेवारी प्रदान गर्ने सम्बन्धमा।
६. निवृत कर्मचारी उपदान तथा सुविधाका सम्बन्धमा।
७. उठेको राजश्वको १० प्रतिशत बाट संचालन हुने कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा।
८. लामो समय सम्म अनुपस्थित रहने जनप्रतिनिधिहरुको सुविधाको बिषयका सम्बन्धमा।
९. तह बृद्धि सम्बन्धमा।
१०. साना किसान सहकारीलाई कार्वाही गर्ने सम्बन्धमा।
११. वडाबाटै जेष्ठ नागरिक परिचय पत्र वितरण गर्ने सम्बन्धम।
१२. पर्यटनबोर्डबाट प्राप्त रकमको म्याचिङ्ग फण्डका सम्बन्धमा।
१३. योजना तथा कार्यक्रमहरु संशोधन गर्ने सम्बन्धमा।
१४. आर्थिक सहयोग गर्ने सम्बन्धमा।
१५. विद्यालय व्यवस्थापन समितिहरुको पदावधी सकिएकोले सामाजिक विकास कार्यालय गजुरीलाई सिफारिस गर्ने सम्बन्धमा।
१६. शिक्षा समितिको निर्णयका सम्बन्धमा।
१७. योजना सम्झौता गर्ने सम्बन्धमा।
१८. जिल्ला स्तरीय कराँते प्रतियोगिताको भुक्तानी गर्ने सम्बन्धमा।
१९. योजना माग सम्बन्धमा।
२०. नयाँ ट्र्याक निर्माण सम्बन्धी योजना सम्झौता तथा कार्यान्वयन गर्ने सम्बन्धमा।
२१. साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा।
२२. उत्कृष्ठ कर्मचारी छनौट गर्ने सम्बन्धमा।
२३. एकीकृत कार्यालय व्यवस्थापन प्रणालीका सम्बन्धम।
२४. विभिन्न शीर्षकमा बचत भएको रकम अन्य शीर्षकमा रकमान्तर गर्ने सम्बन्धमा।
२५. पाँचौं मेयर कप-२०८१ प्रतियोगिताको रकम भुक्तानी सम्बन्धमा।
२६. विपद् प्रभावित निजि आवासको दोस्रो किस्ता भुक्तानी दिने सम्बन्धमा।
२७. अध्यान प्रतिवेदन तयार गर्ने सम्बन्धमा।
२८. खेलकुदमा आर्थिक सहयोग गर्ने सम्बन्धमा।
२९. प्रथम नीलकण्ठ मेयर फुटसल कप-२०८१ मा अपुग रकम थप गर्ने सम्बन्धम।
३०. चालु आ.व.२०८१/०८२ को आन्तरिक लेखा परिक्षण गराउने सम्बन्धमा।
३१. अघिल्लो कार्यपालिकाको बैठकका निर्णयहरु समिक्षा गर्ने सम्बन्धमा।
३२. अन्य विविध बिषयहरुका सम्बन्धमा।

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको बैठक

मितिः २०८२।०१।१८ गते

## निर्णयहरुः

१. कृषि तर्फका कार्यक्रम अनुदान स्वीकृत सम्बन्धमाः

चालू आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश सशर्त अनुदानतर्फको कृषि तर्फका कार्यक्रम अन्तर्गत (आ.ब.२०८१/०८२ मा नँया तरकारी पकेट विकास कार्यक्रम) कार्यान्वयनका लागि मिति २०८१/०८/१८ गते प्रकाशन गरिएको सूचना अनुसार पेश भएका प्रस्तावना सम्बन्धमा स्थलगत अनुगमन र प्रमाणिकरण पश्चात सम्बन्धित कार्यक्रमको कार्यक्रम संचालन कार्यविधि तथा निर्देशिका बमोजिम मूल्याङ्कन समितिबाट कार्यक्रम सञ्चालनका लागि सिफारिस भएका देहाय बमोजिमको कार्य कार्यान्वयनका लागि तपसिल बमोजिमको नगरपालिका र कृषक बीच साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो।

| क. आ.ब.२०८१/०८२ मा नँया तरकारी पकेट विकास कार्यक्रम | | | | |
|---|---|---|---|---|
| क.सं. | आवेदकको नाम | ठेगाना | सम्पर्क व्यक्ति | अनुदान रकम रु. |
| १ | ड्रिम गार्डेन कृषि फर्म | नी.न.पा.२ | उर्मिला कार्की | १२,००,०००/- |

२. दुधको उत्पादनमा आधारित अनुदान स्वीकृत सम्बन्धमाः

चालू आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश सशर्त तर्फको पशुसेवाका कार्यक्रम अन्तर्गत (दुधको उत्पादनमा आधारित अनुदान) कार्यान्वयनका लागि मिति २०८१/१२/१२ गते प्रकाशन गरिएको सूचना अनुसार पेश भएका प्रस्तावना सम्बन्धमा स्थलगत अनुगमन र प्रमाणिकरण पश्चात सम्बन्धित कार्यक्रमको कार्यक्रम संचालन कार्यविधि तथा निर्देशिका बमोजिम मूल्याङ्कन समितिबाट कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमको संस्थाहरु सिफारिस भएको र उक्त रकम प्रत्यक्ष किसान समक्ष नै पुग्ने देखिएकोले उक्त कार्य कार्यान्वयनका लागि तपसिल बमोजिमका आवेदकहरु छनौट गरी कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो।

## तपसिल

| क. दुधको उत्पादनमा आधारित अनुदान कार्यक्रम नीलकण्ठ नगरपालिका | | | | |
|---|---|---|---|---|
| क.सं. | आवेदकको नाम | ठेगाना | सम्पर्क व्यक्ति | अनुदान रकम रु. |
| १ | पशुपति दुग्ध उत्पादक सहकारी संस्था | नीलकण्ठ नगरपालिका वडा नं. ३ | श्री रामप्रसाद रिजाल | ५,२१,३८४,५६ |
| २ | इष्टदेवि दुग्ध उत्पादक सहकारी संस्था | नीलकण्ठ नगरपालिका वडा नं.३ | श्री नारायण प्रसाद लम्साल | ३,४०,१८० |
| ३ | उत्पाले बहुउद्देश्यी सहकारी संस्था लि. | नीलकण्ठ नगरपालिका वडा नं.७ | श्री मान बहादुर श्रेष्ठ | २,८०,०३१.७५ |

नोटः कुल वितरण भएको रकम रु ११,४१,५९५.६१।—

३. <u>पशुसेवा तर्फको सशर्त अनुदान वितरण स्वीकृती सम्बन्धमाः</u>

चालू आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश सशर्त तर्फको पशुसेवा अन्तर्गतका कार्यक्रम कार्यान्वयनका लागि मिति २०८१/१०/१३ गते र दोस्रो पटक मिति २०८१/११/१८ गते प्रकाशन गरिएको सूचना अनुसार पेश भएका प्रस्तावना सम्बन्धमा स्थलगत अनुगमन र प्रमाणिकरण पश्चात सम्बन्धित कार्यक्रमको कार्यक्रम संचालन कार्यविधि तथा निर्देशिका बमोजिम मूल्याङ्कन समितिबाट कार्यक्रम सञ्चालनका लागि सिफारिस भएका देहाय बमोजिमको कार्य आवेदम संस्था र नगरपालिका बीच कार्यविधि बमोजिमको साझेदारीमा हुने गरी कार्यान्वयनका लागि तपसिल बमोजिमका आवेदकहरु छनौट गरी कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो।

| ख. बाख्रा प्रवर्द्धन कार्यक्रम नीलकण्ठ नगरपालिका वडा नं.१० | | | | |
|---|---|---|---|---|
| क.सं. | आवेदकको नाम | ठेगाना | सम्पर्क व्यक्ति | अनुदान रकम रु. |
| १ | एम.आर.पी. कृषि तथा पशुपंक्षी फार्म | नीलकण्ठ नगरपालिका वडा नं. १० | श्री ढक कुमारी पाठक | १०,०००,००/- |
| ग. भैंसी प्रवर्द्धन कार्यक्रम नीलकण्ठ नगरपालिका वडा नं.६ | | | | |
| क.सं. | आवेदकको नाम | ठेगाना | सम्पर्क व्यक्ति | अनुदान रकम रु. |
| १ | निसान कृषि तथा पशुपंक्षी फर्म | नीलकण्ठ नगरपालिका वडा नं. ६ | श्री दयालक्ष्मी श्रेष्ठ | ५,००,०००/- |
| घ. गाइ भैंसी प्रवर्द्धन कार्यक्रम नीलकण्ठ नगरपालिका वडा नं.४ | | | | |
| क.सं. | आवेदकको नाम | ठेगाना | सम्पर्क व्यक्ति | अनुदान रकम रु. |
| १ | नीलकण्ठ कृषि तथा पशुपंक्षी फर्म | नीलकण्ठ नगरपालिका वडा नं. ४ | श्री नम्रता नेम्वाङ श्रेष्ठ | २,५०,०००/- |
| २ | सन्तोषी पशु पालन फर्म, | नीलकण्ठ नगरपालिका वडा नं. ४ | श्री खर बहादुर श्रेष्ठ | २,५०,०००/- |

| ड. भैंसी प्रवर्द्धन कार्यक्रम नीलकण्ठ नगरपालिका वडा नं.१० | | | | |
|---|---|---|---|---|
| क.सं. | आवेदकको नाम | ठेगाना | सम्पर्क व्यक्ति | अनुदान रकम रु. |
| १ | पुनम बहुउद्देश्यीय कृषि फर्म | नीलकण्ठ नगरपालिका वडा नं.१० | श्री पुष्पा अर्याल इटनी | १०,०००,००/- |

४. <u>फोहोर मैला व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि स्वीकृति सम्बन्धमा:</u>
नीलकण्ठ नगरपालिकाको फोहोर मैलालाई उचित व्यवस्थापन गरी फोहोर मैलाबाट हुन सक्ने सम्भावित दुर्घटनालाई समयमै न्यूनिकरण गर्दै फोहोरलाइ मोहोरमा रुपान्तरण तथा अन्य विविध विषयहरुलाइ व्यवस्थित गर्न बनेको नीलकण्ठ नगरपालिकाको फोहोर मैला व्यवस्थापन समिति गठन सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो।

५. <u>नगर प्रहरी स्तर वृद्धि सहित जिम्मेवारी प्रदान गर्ने सम्बन्धमा:</u>
नीलकण्ठ नगरपालिका नगर प्रहरी ऐनको अधिनमा रही नगर प्रहरीको रुपमा कार्यरत नगर प्रहरी जवान श्री राम बहादुर थापालाई नगरपालिका भित्र रहेको स्वीकृत दरबन्दी अनुसार नगर प्रहरी हवल्दारमा स्तर वृद्धि गर्दै जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।

६. <u>निवृत कर्मचारी उपदान तथा सुविधाका सम्बन्धमा:</u>
साविकका जिल्ला विकास समिति, गाउँ विकास समिति र नगरपालिकाद्वारा स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली २०५६ बमोजिम स्थायी नियुक्ति पाइ कामकाज गरिरहेका कर्मचारीहरुका सम्बन्धमा स्थानीय सरकार सचालन ऐन,२०७४ र कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्वत समायोजन भएका कर्मचारीहरुको हकमा सेवा निवृत्त भए पश्चात निजहरुले पाउने सेवा सुविधाका सम्बन्धमा कर्मचारी समायोजन ऐन,२०७५ को दफा १६ (२) मा भएको व्यवस्था अनुसार हाललाई साविक कै प्रचलित कानूनको अधिनमा रही सेवा सुविधा उपलब्ध गराउने र कानून निर्माण भई आएको खण्डमा सोही बमोजिम हुने गरी कार्यान्वयन गर्ने निर्णय गरियो। चालु आ.व.मा अवकाश भएका र अवकाश हुने कर्मचारीहरुको हकमा प्रचलित कानूनको अधिनमा रही कर्मचारी कल्याण कोषबाट खर्च लेखी नियमानुसार पाउने सेवा सुविधा भुक्तानी गर्ने निर्णय गरियो। यसका लागि चालु आ.व.मा कर्मचारी कल्याणकोष शीर्षकमा विनियोजित रकम समेत उक्त

कोषमा जम्मा गर्ने निर्णय गरियो। साथै उच्च अदालत ललितपुरको फैसला अनुसार पूर्व कर्मचारी उमेश बिष्टले नियमानुसार पाउने रकमसमेत उपलब्ध गराउने निर्णय गरियो।

७. उठेको राजश्वको १० प्रतिशत बाट संचालन हुने कार्यक्रम स्वीकृत गर्ने सम्वन्धमा (आ.व. २०८०/०८१ मा संकलित वडागत राजश्वका विषय):

यस नगरपालिकाको दोस्रो नगर सभाको पाँचौ अधिवेशनबाट निर्णय भए बमोजिम आ.व. २०८०/०८१ मा नगरपालिकाबाट संकलन/असुल गर्नु पर्ने राजश्व संकलनमा वडागत रुपमा उठेको कुल राजश्वको १० प्रतिशतले हुन आउने रकममध्ये ५० प्रतिशत पूर्वाधार शीर्षकमा र ५० प्रतिशत राजश्व अभिवृद्धि गर्ने गरी चालु प्रकृतिमा खर्च गर्ने गरी वडाहरुलाई आ.व.२०८१/०८२ को बजेटमा उपलब्ध गराउने गरी निर्णय भएकोमा उक्त स्वीकृत रकम भित्र रही वडा समितिबाट निर्णय भई आएका योजना तथा कार्यक्रमहरुलाई नै मान्यता दिइ कार्यान्वयन गर्ने गराउने निर्णय गरियो। साथै यस पूर्व वडा समितिबाट सिफारिस भई आएका र कार्यान्वयन भएका योजना तथा कार्यक्रमहरुलाई अनुमोदन गर्ने निर्णय गरियो।

८. लामो समय सम्म अनुपस्थित रहने जनप्रतिनिधिहरुको सुविधाको विषयका सम्वन्धमा:

यस नगरपालिकामा आम निर्वाचनबाट निर्वाचित भई नगरपालिकाको प्रतिनिधित्व गर्दै आउनु भएका जनप्रतिनिधिहरु विभिन्न माध्यमबाट सम्वन्धित वडा कार्यालय वा नगरपालिकाको कार्यालयमा औपचारिक रुपमा जानकारी नगराइ लामो समयसम्म वैदेशिक भ्रमण जानुभएको वा अन्य कुनै कारण वा अवस्थामा पनि त्यसरी विना सूचना लगातार एक महिना भन्दा बढी समयसम्म अनुपस्थिति रहनु भएको जनप्रतिनिधिहरुले प्राप्त गर्ने सेवा सुविधाका सम्वन्धमा "स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन,२०७५" बमोजिम निर्धारित सेवा सुविधा तत्काललाई रोक्का गर्ने निर्णय गरियो। तर उपचारको सिलसिलामा वा बेडरेष्ट गर्नपर्ने भएमा वा अस्पताल भर्ना भएको अवस्थामा उक्त सुविधा रोक्का गरिने छैन।

९. तह वृद्धि सम्बन्धमा:

यस कार्यालयमा कार्यरत देहायका कर्मचारीलाई तपसिल बमोजिम हुनेगरी तह वृद्धि गर्ने:

स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३०(१) मा भएको व्यवस्था तह वृद्धि सम्बन्धी व्यवस्था बमोजिम यस कार्यालयमा सातौं तहमा कार्यरत शाखा अधिकृत श्री प्रकाशदत्त भट्ट (क.स.न. २३९६९७ शिक्षा अधिकृत सातौं), को शुरु नियुक्ति छैटौं तहमा भएको र बागमती प्रदेशद्वारा जारी स्वतः समायोजन सम्बन्धी कानून अनुसार नीजको स्वतः सातौं तहमा कायम भएकोले शुरु नियुक्तिलाई आधार मान्दा नीजको न्यूनतम पाँच वर्षको सेवा अवधि पुरा भएको र अन्य आधार तथा योग्यता पुगेकोले निजलाई स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३०(१) बमोजिम सम्बन्धित सेवा समुह वा उपसमुहभित्रको पदमा मिति २०८२।०४।०१ गते देखि लागुहुने गरी आठौं तहमा तह वृद्धि गर्ने निर्णय गरियो।

१०. साना किसान सहकारीलाई कार्वाही गर्ने सम्बन्धमा:

संविधानत सहकारीहरुको नियमन र सञ्चालनको अधिकार स्थानीय तहमा रहेको सन्दर्भमा यस नगरपालिकाद्वारा सहकारी ऐन नै जारी गरी कार्यान्वयन गरिरहेको अवस्थामा नगरपालिका भित्रका सानाकिसान सहकारीहरुले नगरपालिकाद्वारा जारी सहकारी ऐनको बर्खिलाप हुने गरी संचालक समिति गठन गरेको जानकारी पाइएको र त्यस्तो कार्य तत्काल बदर गरी ऐनको प्रावधान अनुसार समिति गठन गरी जानकारी गराउन चेतावनी समेत दिदाँ पनि त्यस्ता सहकारीहरुले स्थानीय सरकारको आदेशको अवज्ञा गरी हालसम्म पनि प्रतिउत्तर समेत नदिएकोले त्यस्ता सहकारीहरुलाई तपाइको सम्पूर्ण कारोवार रोक्का किन नराख्ने भनी अन्तिम पटक स्पष्टिकरणको मौका प्रदान गर्ने, चित्त बुझ्दो जवाफ नआए वा कानून अनुसारको कार्य गरेको नपाइएमा उक्त सहकारीहरुको खारेजी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

११. वडाबाटै जेष्ठ नागरिक परिचय पत्र वितरण गर्ने सम्बन्धमा:

यस नगरपालिका भित्रका सबै जेष्ठ नागरिकहरुको परिचय पत्र लिन नगरपालिकामा आउदा असहजता हुने भन्ने जन गुनासो आएको हुदाँ नागरिक मैत्री सेवा प्रवाहलाई जोड दिदै जेष्ठ नागरिक परिचय पत्र सम्बन्धित वडाबाटै वितरण गर्ने बातावरण मिलाउने निर्णय गरियो। परिचय पत्र वितरणका लागि सम्बन्धित वडा सचिवहरुलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

१२. नेपाल पर्यटनबोर्डबाट प्राप्त रकमको म्याचिङ्ग फण्ड व्यवस्थापन तथा आयोजनाहरु कार्यान्वनय गर्ने सम्बन्धमा:

यस नगरपालिकाको पर्यटकिय क्षेत्रमा कार्यान्वयन हुने गरी नेपाल पर्यटन बोर्डद्वारा चालु आ.व.२०८१/०८२ मा कार्यान्वयन हुने गरी विनियोजन भएका तपसिल बमोजिमका आयोजनाहरुका हकमा नगरपालिकाबाट पर्यटन पूर्वाधार कार्यक्रम अन्तर्गत विनियोजित योजनामा म्याचिङ फण्डको रुपमा विनियोजित रकमको २० प्रतिशत लागत साझेदारी गरी आयोजना कार्यान्वनयका थप कार्यहरु अगाडि बढाउने निर्णय गरियो। साथै उक्त म्याचिङ फण्ड चालु आ.व. को अन्य सार्वजनिक निर्माण शीर्षकबाट खर्च हुने गरी व्यवस्थापन गर्ने निर्णय गरियो।

तपसिल

विनियोजित शीर्षकहरु र बजेट

क. कुमाइज्यामरुङ-ज्यामरुङ दरबार-मुढुले-चौतारा-बुढीचुली-जुम्से ट्रेकिङ ट्रेल निर्माण नी.न.पा. वडा नं. १० र ११ मा रु ४५,००,०००।- (बहुवर्षिय योजना)

ख. मधुवन पञ्चकन्या ट्रेकिङ ट्रेल पुनःनिर्माण एवम् सौन्दर्यीकरण नी.न.पा. वडा नं. १३ मा रु १०,००,०००।-

ग. घुमाउने डाँडा पर्यटन क्षेत्र सौन्दर्यीकरण र स्तरोउन्नती नी.न.पा. वडा नं. ५ मा रु १०,००,०००।-

१३. योजना तथा कार्यक्रमहरु संशोधन गर्ने सम्बन्धमा:

यस नगरपालिका अन्तर्गत आ.व. २०८१/०८२ मा कार्यान्वयन हुने नगर सभाबाट विनियोजित भएका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु आवश्यक संशोधन गरी

कार्यान्वयन गर्ने र अनुमोदनका लागि यस पछि बस्ने नगर सभामा पेश गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

<u>तालिका नं.१</u>

| सि.न | भएको योजनाको नाम | रकम | हुनुपर्ने नाम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | लोक नृत्य प्रतियोगिता तथा सांस्कृतिक कार्यक्रम अन्तरक्रिया | १५०००० | १.नव युवा टोल सुधार मार्फत साउण्ड सिस्टम तथा फर्निचर खरिद | १५०००० | |
| २. | झिरपानी दलित बस्ति खानेपानी टयाकी निर्माण नी.न.पा.४ | ३००००० | १.झिरपानी दलित बस्ति खानेपानी टयाकी तथा बस्ति संरक्षण | २००००० | |
| | | | २.गैरीगाउँ पोखराडाडा प्रतिक्षालय निर्माण | १००००० | |
| ३. | पशु बिमा कार्यक्रम निरन्तरता | ७००००० | १. मरेका जनवारहरु व्यवस्थापन कक्ष निर्माण | ७००००० | |
| ४. | पदुपती सोल्टी तथा भलपानी व्यवस्थापन नी.न.पा.१२ | १००००० | १. सहिद राजु दाहालको शालिक निर्माण नी.न.पा.२ | १००००० | |
| ५. | सवारी साधन खरिद तर्फ नी.न.पा.१० | ५००००० | १.नयाँ गाडी ड्रेन निर्माण नी.न.पा.१० | ८००००० | |
| | भैपरी आउने विविध खर्च नी.न.पा.१० | ३००००० | | | |

१४. <u>आर्थिक सहयोग गर्ने सम्बन्धमा:</u>

क. यस नीलकण्ठ नगरपालिका वडा नं.१४ निवासी राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी ना.प्र.नं.२६-०१-७९-११०७७ का श्री सत्रु सुम्बा तामाङले मित्रराष्ट्र थाइल्याण्डमा आयोजना भएको 1st THAILAND KICKBOXING WORLD CUP-2025 मा नेपालको प्रतिनिधित्व गर्दै उक्त प्रतियोगितामा तृतीय स्थान हासिल गरेको हुदाँ खेलाडिको हौसला र उत्साह वढाइ खेल क्षेत्रमा प्रेरित गरिरहन चालु आ.व. २०८१/०८२ मा विनियोजित खेलकुद प्रवर्द्धन तर्फ विविध कार्यक्रमहरु शीर्षकबाट खर्च हुने गरी रु ५०,०००।- (अक्षेरुपी पचास हजार) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

ख. मिति २०८१ चैत्र १० गते देखी १५ गतेसम्म ललितपुर महानगरपालिकाको १०६ औं वार्षिक उत्सवको अवसरमा आयोजित "महिला तथा पुरुष भलिबल प्रतियोगिता-२०८१ बागमति प्रदेश अन्तर पालिका मेयर कप" मा नगरपालिकाको प्रतिनिधित्व गर्दै प्रथम भएको र उक्त खेलमा नगरपालिकाको प्रतिनिधित्व गरी खेल्ने खेलाडि

निरुता शाही ठकुरीको खेल खेल्ने क्रममा मैदानमा लडि गम्भिर घाइते भइ घुँडाको लिगामेन्ट च्यातिएको र निजको आर्थिक अवस्या अत्यन्तै कमजोर रहेकोले उपचारका लागि रु ५०,०००।- (अक्षेरुपी पचास हजार) आर्थिक सहयोग गर्ने निर्णय गरियो।

१५. विद्यालय व्यवस्थापन समितिहरुको पदावधी सकिएकोले सामाजिक विकास कार्यालय, गजुरीलाई सिफारिस गर्ने सम्वन्धमा:

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय अन्तर्गत सामाजिक विकास कार्यालय, गजुरी धादिङको मिति २०८२/०१/०५ गतेको प्रस्ताव पेश गर्ने सूचना वमोजिम यस नगरपालिकामा सञ्चालित सामुदायिक माध्यमिक विद्यालयहरुको विद्यालय व्यवस्थापन समितिहरु कानून वमोजिम गठन भएका र म्याद रहेको भनी माग गरिएकोमा तपसिल वमोजिमका विद्यालयहरुको विद्यालय व्यवस्थापन समितिको म्याद समापन भई गठन प्रक्रियामा रहेकोले सो कार्यक्रमका लागि सामाजिक विकास कार्यालय, गजुरीलाइ सिफारिस गर्ने निर्णय गरियो।

तपसिल

क. संखादेबी मा.वि.,नी.न.पा.१ धादिङ।
ख. तमैरातमाटे मा.वि.,नी.न.पा.१४ धादिङ।
ग. पाल्पा सामारी भञ्ज्याङ्ग मा.वि.,नी.न.पा.९ धादिङ।
घ. कुमारीदेबी मा.वि.,नी.न.पा.१० धादिङ।
ङ. मञ्जुश्री मा.वि.,नी.न.पा.११ धादिङ।
च. रघु मा.वि.,नी.न.पा.६ धादिङ।
छ. देउराली मा.वि.,नी.न.पा. ८ धादिङ।
ज. मनरुपी मा.वि.,नी.न.पा.१३ धादिङ।
झ. कणेश्वर मा.वि.,नी.न.पा.७ धादिङ।
ञ. लामागुरु महादेव मा.वि.,नी.न.पा.२ धादिङ।

१६. शिक्षा समितिको निर्णयका सम्वन्धमा:

नीलकण्ठ नगरपालिकाको शिक्षा ऐन, २०७४ (संशोधन सहित) गठित नगर शिक्षा समितिको मिति २०८२ बैशाख १७ गतेको वैठकवाट निर्णय भएका तपशिल वमोजिमका निर्णय उपर छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो।

## तपसिल

क. यस नीलकण्ठ नगरपालिका वडा नं ३ मा सञ्चालित समता स्कुल शैक्षिकसत्र २०८१ मा कक्षा ६ सञ्चालन हुँदै आएकोमा शैक्षिकसत्र २०८२ देखि कक्षा ७ सञ्चालनको अनुमति प्रदान गर्ने निर्णय गरियो।

ख. नीलकण्ठ नगरपालिका वडा नं. ४ मा श्री तुल बहादुर गुरुङ श्रीमती सुजता गुरुङ र श्री हिरामाया गुरुङ गुठियार रहेको सार्थक शिक्षालय एपोष्टल नामक शैक्षिक गुठि दर्ताको लागि मिति २०८१/२/१३ मा निवेदन तथा आर्थिक प्रतिवेदन, स्व-घोषणा पत्र र आगामी ५ वर्षको अनुमानित आर्थिक विवरण सहित आवश्यक कागजात पेश भएकाले निजि शैक्षिक गुठी दर्ता कार्यविधि, २०८१ ले गरेको व्यवस्था बमोजिम निजि शैक्षिक गुठी दर्ता गरी शैक्षिकसत्र २०८२ देखि कक्षा १ सञ्चालनको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो।

ग. शैक्षिकसत्र २०८२ मा विद्यालय समायोजन तथा कक्षा घटुवाका लागि विद्यालय समायोजन कार्यविधि, २०७९ को मापदण्ड समेतलाई आधार लिई विद्यालय समायोजन, कक्षा घटुवा साथै दरवन्दी मिलानका लागि विद्यालयगत तथ्याङ्क सत्यापन गरी यथार्थ विवरण तयार गरी समिति समक्ष पेश गर्न शिक्षा युवा तथा खेलकुद शाखालाई जिम्मेवारी दिने निर्णय गरियो।

१७. <u>योजना सम्झौता गर्ने सम्बन्धमा:</u>

क. नीलकण्ठ नगरपालिका वडा नं.१३ को प.स.२०८१/०८२ च.नं.७८४ मिति २०८२/०१/०५ को पत्रानुसार चालु आ.व.२०८१/०८२ मा वडा नं. १३ स्थित किराखोर सङ्गति भवन निर्माण योजनाका लागि विनियोजित वजेट कार्यान्वयन गर्ने सन्दर्भमा उक्त सङ्गति भवन बन्ने स्थान ऐ.ऐ वडाको कित्ता नं. ८९ सार्वजनिक जग्गा रहेको हुदाँ वडा समितिवाट निर्णय भइ उक्त स्थानमा भवन बनाउन सिफरिस भइ आएकोले योजना सम्झौता गरी कार्यान्वयनका लागि अनुमति दिने निर्णय गरियो।

ख. नीलकण्ठ नगरपालिका वडा नं.०६ को प.स.२०८१/०८२ च.नं.१००८ मिति २०८२/०१/१२ को पत्रानुसार चालु आ.व.२०८१/०८२ मा वडा नं.-६ भोर्ले स्थित चण्डदेवी आमा समुहको भवन निर्माण योजनाका लागि विनियोजित वजेट

कार्यान्वयन गर्ने सन्दर्भमा उक्त भवन बन्ने स्थान ऐ.ऐ वडाको कित्ता नं. ३७ सार्वजनिक जग्गा रहेको हुदाँ वडा समितिबाट निर्णय भइ उक्त स्थानमा भवन बनाउन सिफरिस भइ आएकोले योजना सम्झौता गरी कार्यान्वयनका लागि अनुमति दिने निर्णय गरियो।

१८. <u>जिल्ला स्तरिय करातें प्रतियोगिताको भुक्तानी गर्ने सम्वन्धमा:</u>

यस नीलकण्ठ नगरपालिका वडा नं.९ स्थित नेपाल सिलोरियो करातें डो संघद्वारा सञ्चालन हुन लागेको "जिल्ला स्तरिय कराते प्रतियोगिता-२०८१" को कार्यान्वयन तथा खेल क्षेत्रको प्रवर्द्वन र विकासका लागि चालु आ.व. २०८१/०८२ मा विनियोजित खेलकुद प्रवर्द्वन तर्फ विविध कार्यक्रमहरु शीर्षकबाट खर्च हुने गरी रु ३,८७,०००।- (अक्षेरुपी ती लाख सतासी हजार) को ८० प्रतिशतले हुन आउने रकम भुक्तानी दिने निर्णय गरियो।

१९. <u>योजना माग सम्वन्धमा:</u>

नीलकण्ठ नगरपालिका वडा नं. ८ स्थित मनकामना निलकण्ठेश्वर पार्क सडक स्तरोउन्नतीका लागि चालु आ.व.२०८२/०८३ मा कार्यान्वयन हुने गरी भौतिक पूर्वाधार विकास मन्त्रालय बागमती प्रदेश, हेटौडा, नेपालको प्रदेश सर्सत योजना अन्तर्गत कार्यान्वयन हुने गरी रु ५० लाख रकम विनियोजनका लागि सम्वन्धित मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो।

२०. <u>नयाँ ट्र्याक निर्माण सम्वन्धी योजना सम्झौता तथा कार्यान्वयन गर्ने सम्वन्धमा।</u>

क. नीलकण्ठ नगरपालिकाको दोस्रो नगर सभाको पाँचौ अधिवेशनको निर्णय नं. २० अनुसार नगरक्षेत्रमा हुने सडक पूर्वाधार निर्माण गर्दा नयाँ कटिङलाई न्यूनिकरण गर्ने निर्णय भएकोमा चालु आ.व.२०८१/०८२ मा कार्यान्वयन हुने गरी नगर सभाबाट विनियोजन भएको साउनेपानी भिरकुना सडक मर्मत नी.न.पा.१ मा रु १५००००।- विनियोजन भएकोमा सो विनियोजित रकमबाट केही नयाँ ट्र्याक (सडक) खोल्नुपर्ने भइ वडा कार्यालयको प.स.२०८१/०८२ च.न. ३४५ मिति २०८१/१०/२५ को प्राप्त सिफारिस सहित योजना कार्यान्वयनका लागि पेश

भएको हुदाँ उक्त योजना कार्यान्वनयका लागि स्वीकृति दिने निर्णय गरियो। साथै उक्त योजना कार्यान्वयन पश्चात प्राविधिक मूल्याङ्कनका आधारमा आउने रकम भुक्तानी दिने गरी योजना सम्झौता तथा कार्यान्वनय गर्ने निर्णय गरियो।

ख. नीलकण्ठ नगरपालिकाको दोस्रो नगर सभाको पाँचौ अधिवेशनको निर्णय नं. २० अनुसार नगरक्षेत्रमा हुने सडक पूर्वाधार निर्माण गर्दा नयाँ कटिङलाई न्यूनिकरण गर्ने निर्णय भएकोमा चालु आ.व.२०८१/०८२ मा कार्यान्वयन हुने गरी नगर सभाबाट विनियोजन भएको रिजालगाउँ डाँडाको चौतारादेखी हर्बेटिसम्म कृषि सडक मर्मत नी.न.पा.३ [illegible] रु १,००,०००।- विनियोजन भएकोमा सो विनियोजित रकमबाट केही नयाँ ट्रायक (सडक। खोल्नुपर्ने भइ वडा कार्यालयको प.स.२०८१/०८२ च.न. २०७१ मिति २०८१/१२/१९ को प्राप्त सिफारिस सहित योजना कार्यान्वयनका लागि पेश भएको हुदाँ उक्त योजना कार्यान्वनयका लागि स्वीकृति दिने निर्णय गरियो। साथै उक्त योजना कार्यान्वयन पश्चात प्राविधिक मूल्याङ्कनका आधारमा आउने रकम भुक्तानी दिने गरी योजना सम्झौता तथा कार्यान्वनय गर्ने निर्णय गरियो।

२१. साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा:

नीलकण्ठ नगरपालिकाका महिला जनप्रतिनिधि तथा किशोरीहरुको पाठेघरको क्यान्सार सम्वन्धी सचेतना कार्यक्रम सञ्चालनका लागि विविध चालु शीर्षकबाट रकम विनियोजन गरी उक्त कार्यक्रम परिवर्तनका लागि महिला मञ्च नेपालसँगको साझेदारी (७० प्रतिशत नगरपालिका ३० प्रतिशत सम्बन्धित संस्था) को हुने गरी प्रस्तुत प्रस्ताव अनुसार उक्त सचेतना कार्यक्रम कार्यान्वयन गर्ने, निर्णय गरियो।

२२. उत्कृष्ट कर्मचारी छनौट गर्ने सम्वन्धमा:

नगरपालिकाको १२ औं स्थापना दिवसको अवसर पारी यस नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा वा अन्तर्गत कार्यरत कर्मचारीहरुको मनोवल उच्च बनाउन तथा कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन सम्पूर्ण कार्यरत कर्मचारीहरु मध्येबाट

देहायका पाँच (५) जना कर्मचारीहरुलाई नगद रु २५,०००।- र प्रशंशापत्र सहित सम्मान गर्ने निर्णय गरियो।

तपसिल

क. श्री शिव राना - जनस्वास्थ्य निरिक्षक अधिकृत छैठौं
ख. श्री निर्मला के.सी - महिला विकास निरिक्षक
ग. श्री रामहरी सापकोटा - वडा सचिव वडा नं.२
घ. श्री हरीकुमार श्रेष्ठ - वरिष्ठ सहायक पाँचौं
ङ. श्री रिता भट्ट - कार्यालय सहयोगी वडा नं.११

२३. एकीकृत एस.यम.एस व्यवस्थापन प्रणालीका सम्वन्धमा:
नेपाल सरकार सूचना प्रविधि विभागवाट नेपाल सरकारका निकायहरुमा केन्द्रिकृत प्रणालीको रुपमा प्रयोग गर्न मिल्ने एकीकृत एस.यम.एस व्यवस्थापन प्रणाली यस नगरपालिकामा समेत जडान गर्न सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो। साथै एकीकृत एस.यम.एस व्यवस्थापन प्रणाली सम्वन्धिका सम्पूर्ण कार्य गर्न सूचना प्रविधि अधिकृत राजकुमार श्रेष्ठलाई तोक्ने निर्णय गरियो।

२४. विभिन्न शीर्षकमा वचत भएको रकम अन्य शीर्षकमा रकमान्तर गर्ने सम्वन्धमा:
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ को अधिनमा रही नीलकण्ठ नगरपालिकाको दोस्रो नगर सभाको पाँचौं अधिवेशनद्वारा चालु आ.व.मा कार्यान्वयन हुने गरी विनियोजन भएका योजना तथा कार्यक्रमहरु मध्ये तपसिलका शीर्षकहरुमा वचत हुन आउने रकमहरुलाई अन्य शीर्षकहरुमा रकमान्तर गर्ने निर्णय गरियो।

तपसिल

| सि.नं | बजेट शीर्षक | रकमान्तर रकम | सि.नं | रकमान्तर गरिएको बजेट शीर्षक | रकमान्तर रकम |
|---|---|---|---|---|---|
| १ | पदाधिकारी बैठक भत्ता | १०००००० | १ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च | १०००००० |
| २ | पोशाक भत्ता | २००००० | २ | सवारी साधन मर्मत खर्च | १५००००० |
| ३ | स्थानीय भत्ता | ९००००० | ३ | इन्धन खर्च | १५००००० |
| ४ | घर भाडा | २००००० | ४ | कार्यक्रम खर्च | १८००००० |
| ५ | महंगी भत्ता | १५०००० | ५ | बोलपत्र सुचना प्रकाशन खर्च | १५००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | फिल्ड भत्ता | ७००००० | ६ | खेलकुद प्रवर्द्धन तर्फ विविध कार्यक्रम | ४०००००० |
| ७ | कर्मचारी बैठक भत्ता | ३००००० | ७ | मसलन्द तथा कार्यालय सामाग्री | २०००००० |
| ८ | पदाधिकारी मासिक सुविधा | १३००००० | ८ | अन्य भत्ता | ९००००० |
| ९ | संचार महशुल | ३००००० | | कुल जम्मा | १४२००००० |
| १० | बिमा तथा नविकरण खर्च | ७००००० | | | |
| ११ | सुचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ५००००० | | | |
| १२ | अन्य भाडा | ७००००० | | | |
| १३ | सामाजिक सुरक्षा भत्ता वितरण सवारी साधन ढुवानी मात्र | २००००० | | | |
| १४ | भ्रमण खर्च | २००००० | | | |
| १५ | अन्य फिर्ता | १३००००० | | | |
| १६ | पारिश्रमिक कर्मचारी | १०००००० | | | |
| १७ | अनुगमन मुल्यांकन खर्च | २००००० | | | |
| १८ | सहकारी अनुगमन तथा बैठक | ५०००० | | | |
| १९ | बाल समिति गठन तथा परिचालन | ३००००० | | | |
| २० | विविध खर्च | ४०००००० | | | |
| | कुल जम्मा | १४२००००० | | | |

२५. "पाँचौ मेयर कप-२०८१" प्रतियोगीताको रकम भुक्तानी सम्बन्धमा:

नगर प्रमुखज्यूको संयोजकत्वमा पाँचौं मेयर कप-२०८१ आयोजनाका लागि कार्यपालिकाद्वारा गठित खेलकुद व्यवस्थापन तथा सञ्चालन मुल आयोजक समितिको मिति २०८२ साल वैशाख महिनाको १७ गतेको बैठकबाट भएको निर्णयानुसारको शीर्षकहरुमा नगरपालिकाद्वारा रकम भुक्तानी दिने निर्णय भए अनुसार चालु आ.व मा कार्यान्वयन हुने गरी विनियोजित खेलकुद प्रवर्द्धन तर्फका विविध कार्यक्रम शीर्षकबाट खर्च लेख्ने गरी देहायका शीर्षकहरुमा भएको खर्च बराबरको रकम एकमुष्ठ रुपमा धादिङ जिल्ला ब्याडमिन्टन संघलाई उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

| सि.न | खर्च विवरण | रकम | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | पुरस्कार बापतको कर सहितको रकम | ७६१२५० | लाभकर सहित |
| २ | अम्पायर शुल्का भत्ता/कर सहितको रकम | १६९००० | पारिश्रमिक कर सहित |
| ३ | अम्पायर खाना, आवास लगायत विविध व्यवस्थापन | १६९७५९.९ | मु.अ. कर सहित |
| ४ | मेडल र ट्रफि | ४८५९०० | मु.अ.कर सहित |
| ५ | नीलकण्ठ सेनेटरी आइटम | १९८९० | |
| ६ | छपाइ तथा स्टेशनरी | १९८०० | |
| ७ | फ्लेक्स | २९०५५ | |
| | जम्मा खर्च भएको एकमुष्ठ रकम रु | १६,५४,६५४.९ | [illegible] |

२६. विपद् प्रभावित निजि आवासको दोस्रो किस्ता भुक्तानी दिने सम्बन्धमा:

यस नगरपालिकाको नगर स्तरीय विपद् व्यवस्थापन समितिको मिति २०७९/१०/०४ गतेको निर्णयानुसार सिफारिस भइ मिति २०७९/१२/२९ गते जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयबाट लाभग्राही कायम भएका लाभग्राही मध्ये विपद् प्रभावित निजि आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनस्थापना अनुदान कार्यविधि-२०८१ बमोजिम भएको सम्झौता अनुसार टुरना लामाले पहिलो चरणको काम सकी (प्लिन्थ लेवलसम्मको) दोस्रो किस्ताको लागि अनुगमन गरी प्रतिवेदनसमेत प्राप्त भएको हुदाँ सम्झौता बमोजिम निजलाई यस नगरपालिकाले व्यहोर्ने १५ प्रतिशत बराबरको रकम रु ३७,५००।- विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी भुक्तानी दिने निर्णय गरियो।

२७. अध्ययन प्रतिवेदन तयार गर्ने सम्बन्धमा:

यस नगरपालिकालाई व्यवस्थित रुपमा सञ्चालनका लागि आवश्यक पर्ने तपसिल बमोजिमका अध्ययन तथा परामर्शहरु निर्माण गर्ने निर्णय गरियो। साथै नगरपालिकाद्वारा तयार गर्ने अध्ययन परामर्शका लागि चालु आ.व.२०८१/०८२ मा कार्यान्वयन हुने गरी विनियोजन भएको सेवा र परामर्श शीर्षकबाट खर्च गर्ने गरी अध्ययन परामर्शका लागि श्रोतको सुनिश्चितता गरी कार्यान्वयनका सम्पूर्ण प्रक्रियहरु अगाडि बढाउने निर्णय गरियो।

तपशिल

| सि.न. | अध्ययन परामर्शको विवरण | विनियोजन भएको रकम | कैफियत |
|---|---|---|---|
| १. | राजश्व सुधार कार्ययोजना | रु ५०००००।- | |
| २. | वातावरणीय तथा स्वच्छता नीति | रु ५०००००।- | |
| ३. | नीलकण्ठ नगरपालिकाकाको विकास वृत्त चित्र निर्माण | रु ५०००००।- | |
| ४. | नीलकण्ठेश्वर महादेवको मुर्ती डि.पि.आर | रु १००००००।- | |
| ५. | सल्लाधारी कुमाइ ज्यामरुङ भदौर सडक र राममन्दिर तिमिल्सिना गाउँ अधिकारी गाउँ सडक डि.पि.आर | रु ५०००००।- | |
| | जम्मा रु | रु ३००००००।- | |

२८. खेलकुदमा आर्थिक सहयोग गर्ने सम्बन्धमा:

नेपाल विद्यार्थी संघ केन्द्रीय कार्यसमिति र जेन अल्फा इन्कको सह- आयोजनामा क्रिकेट प्रवर्द्धन गर्न खेलकुद मार्फत युवाहरुलाई सशक्तिकरण गर्न, अन्तराष्ट्रिय समुदायमा जलवायु परिवर्तनको प्रभाव सम्बन्धी सचेतना अभिवृद्धि गर्न र युवा विद्यार्थीहरुमा लागूऔषधको दुर्व्यशनी विरुद्ध सचेतना फैलाउने उद्देश्यले "One Earth, One Voice: Act on Climate Change" भन्ने मूल नारा सहित मिति २०८१ माघ ७ देखी १५ सम्म अन्तराष्ट्रिय अन्तर विश्वविद्यालय टी-२० जय नेपाल कप त्रिभुवन विश्वविद्यालयको अन्तराष्ट्रिय क्रिकेट मैदान काठमाडौमा सञ्चालन भइ सम्पन्न भएको हुदाँ उक्त प्रतियोगितामा आवश्यक विल भर्पाइको आधारमा रु १,००,०००।- (अक्षेरुपी एक लाख) खेलकुद प्रवर्द्धन तर्फ विविध कार्यक्रम शीर्षकबाट खर्च लेख्ने गरी आर्थिक सहयोग (भुक्तानी दिने) गर्ने निर्णय गरियो।

२९. प्रथम नीलकण्ठ मेयर फुटसल कप-२०८१ मा अपुग रकम थप गर्ने सम्बन्धमा:

नीलकण्ठ नगरपालिकाद्वारा आयोजित प्रथम नीलकण्ठ मेयर फुटसल कप-२०८१ मिति २०८१/११/७-१० सम्म सञ्चालन भएका प्रतियोगितामा धादिङ जिल्लाका १३ पालिका मध्ये १२ पालिका एवम् भगिनि सम्बन्ध कायम भएको गोरखा नगरपालिका, जिल्ला अस्पताल गरी जम्मा १६ टिम सहभागि भएकोमा सो प्रतियोगिताका लागि विनियोजन भएको कुल रकम अपर्याप्त भएको कारण नपुग भएको रकम रु ३,१५,४३५।-(अक्षेरुपी

तीन लाख पन्ध्र हजार चार सय पैंतिस मात्र। खेलकुद प्रवर्द्धन तर्फका विविध कार्यक्रम शीर्षकबाट खर्च लेखी भुक्तानी दिने निर्णय गरियो।

३०. चालु आ.व.२०८१/०८२ को आन्तरिक लेखा परिक्षण गराउने सम्वन्धमा:
यस नगरपालिकाको चालु आ.व.२०८१/०८२ मा कार्यान्वयन हुने गरी नगर सभाबाट स्वीकृत भै कार्यान्वयन भएको नीति, योजना तथा कार्यक्रमहरुको रुजु गरी व्यवस्थित रुपमा लेखाङ्कन राख्नुपर्नेमा यस नगरपालिकामा आन्तरिक लेखा परिक्षक नभएको हुदाँ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम (८४) को उपनियम (४) मा भएको व्यवस्था बमोजिम कोष तथा लेखा नियन्त्रण कार्यालय, धादिङलाई यस नगरपालिकामा आ.व.२०८१/०८२ मा सम्पादन भएका सम्पूर्ण योजना तथा कार्यक्रमको आन्तरिक लेखा परिक्षणका लागि लेखा परिक्षक खटाई आवश्यक सहजीकरणका लागि अनुरोध गर्ने निर्णय गरियो।

३१. अघिल्लो कार्यपालिकाको बैठकका निर्णयहरु समिक्षा गर्ने सम्वन्धमा:
मिति २०८१ साल चैत्र ०८ गते भएको नगर कार्यपालिकाको बैठकमा भएका देहाय बमोजिमका निर्णयहरु उपर छलफल तथा समिक्षा गरियो।

| सि.न. | मिति २०८१/१२/०८ मा भएका निर्णयहरु | कार्यान्वनयको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | नगरपालिकाको स्थापना दिवसका दिन नगरपलिका र मातहतका कार्यालयहरुमा विदा दिने सम्बन्धमा। | कार्यान्वयन भएको | |
| २ | नगरपालिका दिवसका लागि स्रोत व्यवस्थापन गर्ने सम्वन्धमा। | स्रोतको व्यवस्थापन सहित सम्पन्न भएको | |
| ३ | शैक्षिक गुठिमा विद्यालय दर्ता सम्वन्धी कार्यविधि, २०८१ का सम्वन्धमा। | कार्यान्वयनको चरणमा रहेको | |
| ४ | अघिल्लो कार्यपालिकाको बैठकका निर्णयहरु समिक्षा गर्ने सम्वन्धमा। | छलफल तथा समिक्षा गरिएको | |

३२. अन्य विविध विषयहरुका सम्वन्धमा:
क. नीलकण्ठ नगरपालिकाको १२ औं स्थापना दिवसको अवसर पारी यस नगरपालिकामा आ.व.२०८०/०८१ मा बढी कर तिर्ने व्यक्ति तथा संस्थाहरु मध्ये देहाय अनुसारका सबै भन्दा बढी कर तिर्ने व्यक्ति र संस्थालाइ सम्मान गर्ने निर्णय गरियो।
१. संस्थागत तर्फः सानिमा बैंक धादिङ शाखा।
२. व्यक्तिगत तर्फः हरि कुमार श्रेष्ठ नी.न.पा.३ धादिङ।
ख. नीलकण्ठ नगरपालिकाको १२ औं स्थापना दिवसको अवसर पारी यस नगरपालिकामा आ.व.२०८०/०८१ मा फोहोर मैला व्यवस्थापनमा उल्लेखिय कार्य गरेको हुदाँ टोल विकास संस्थातर्फ सुन्दरवस्ती टोल विकास संस्था नी.न.पा.४ धादिङलाइ सम्मान गर्ने निर्णय गरियो।